**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०८ संख्याः ०७ मितिः २०८२/१२/०२ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## कामधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रम निर्देशिका, २०८२

प्रमाणिकरण मितिः २०८२/११/२७

**प्रस्तावनाः** भेरीगंगा नगरपालिकामा रहेका कृषकहरुलाई पशुपालनतर्फ आकर्षित गरी दुध उत्पादनमा बृद्धि गराउने र कृषि उत्पादनमा समेत बृद्धि गर्दै कृषकहरुलाई पशुपालनमा प्रोत्साहान गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र भेरीगंगा नगरपालिकाको कृषि ब्यबसाय प्रबर्द्धन ऐन २०७५ को दफा ३६ बमोजिम भेरीगंगा नगरपालिकाको २०८२।११।२७ गतेको नगर कार्यपालिका बैठकले यो **कामधेनु सुत्केरी भत्ताअनुदान कार्यक्रम निर्देशिका २०८२** स्वीकृत गरी जारी गरेको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१) **संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम **कामधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रम निर्देशिका २०८२** रहेको छ ।

ख) यो कार्यविधि भेरीगंगा नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२) **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:
- क) "कामुधेनु" भन्नाले भेरीगंगा नगरपालिका क्षेत्र भित्रका सुत्केरी दुहना गाई वा भैंसी सम्झनुपर्दछ ।
- ख) "कार्यक्रम" भन्नाले नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम कामुधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सम्झनुपर्छ ।
- ग) "नगरपालिका" भन्नाले भेरीगंगा नगरपालिकालाई सम्झनुपर्दछ ।
- घ) "निर्देशिका" भन्नाले भेरीगंगा नगरपालिकाको **कामुधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रम निर्देशिका २०८२** सम्झनुपर्दछ ।
- ङ) "वडा" भन्नाले भेरीगंगा नगरपालिकाको वडालाई सम्झनुपर्छ ।
- च) "स्थानीय कृषि ब्यबसाय प्रबर्द्धन समिति" भन्नाले भेरिगंगा नगरपालिकाको कृषि ब्यबसाय प्रबर्द्धन ऐन २०७५ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।
- छ) "शाखा" भन्नाले भेरीगंगा नगरपालिकाको पशुपन्छी विकास शाखा सम्झनुपर्छ ।

परिच्छेद-२

## कार्यक्रम संचालन प्रकृया

४) **कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृया:** भेरीगंगा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएबमोजिम कार्यक्रम सन्चालन गरिनेछ । कृषकहरुलाई कार्यक्रमको जानकारीका लागि शाखाले १५ दिनको सुचना प्रकाशन गर्नेछ। सो सुचना नगरपालिकाको सुचनापाटी तथा सवै वडाहरुमा समेत पठाइनेछ ।

५) **कार्यक्रम संचालन गरिने संख्या निर्धारण:** नगरपालिकाको वार्षिक कार्यक्रममा विनियोजित बजेटको आधारमा कार्यक्रमको संख्या निर्धारण गरिनेछ र कृतिम गर्भाधान गरेका पशुलाई प्राथमिकता दिइनेछ ।

६) **कार्यक्रम संचालनका लागि कृषक छनौटका आधार र संचालन प्रकृया देहायबमोजिम हुनेछ:**
- क) कार्यक्रम संचालनका लागि स्थानीय कृषि ब्यबसाय प्रबर्द्धन समितिले कृषकहरुको छनौट गर्नेछ। समितिले आबस्यकता अनुसार बिषय बिज्ञलाई बोलाउन सक्नेछ ।





- ख) कृषकहरुले अनुदान पाउन दुध उत्पादनका लागि दुहुनो गाई वा भैंसी पालेको हुनुपर्नेछ ।
- ग) कृषकका गाई वा भैंसीले दुध दिइरहेको हुनुपर्नेछ ।
- घ) कृषकहरुले गोठ सुधार गरेको हुनुपर्नेछ ।
- ङ) गाई/भैंसी सुत्केरी भएको १ महिना भित्र किसानहरुले शाखामा अनुसुची १ बमोजिम लिखित जानकारी गराउनु पर्नेछ ।
- च) गाई/भैंसी सुत्केरी भएको प्रमाण सहित प्राबिधिकको सिफारिसको आधारमा प्रति पशु प्रति महिना रु.१०००। एक हजारका दरले ९ महिनासम्म सुत्केरी भत्ता अनुदान पाउनेछन् ।
- छ) स्थानीय कृषि ब्यबसाय प्रबर्द्धन समितिले अध्ययन तथा बिष्लेषण गरि प्राप्त प्रस्ताबउपर आर्थिक र प्राबिधिक रुपले मुल्यांकन गर्नेछ ।
- ज) कार्यक्रमको अनुगमन शाखाले गर्नेछ र कार्यक्रमको सचिवालय शाखामा रहनेछ ।

७) **सम्झौता र भुक्तानी:** दुहुना गाई/भैंसी सुत्केरी भत्ता अनुदान कार्यक्रम संचालन गर्दा शाखा मार्फत देहायबमोजिम पशुधनीसंग सम्झौता र भुक्तानी हुनेछ ।
- **क. सम्झौता:** नगरपालिकाले छनौट भएका अनुदान ग्राहीसंग अनुसुची २ मा भएको ब्यबस्थाबमोजिम सम्झौता गर्नेछ ।
- **ख. भुक्तानी:** सुत्केरी गाई/भैंसीका पशुधनीलाई सुत्केरी भत्ता अनुदानका लागि पशु स्वास्थ्य प्राबिधिकले स्थलगत अनुगमन गरि पेश गरेको सिफारिसको आधारमा ३ किस्तामा अनुदान बितरण गरिनेछ। अनुदान रकम अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ ।
- **ग. विमा:** गाई/भैंसी सुत्केरी भत्तापाउन अनुदानग्राहीले अनिवार्य पशु विमा गरेको हुनुपर्नेछ ।

८) **अनुदानग्राही कृषकले पेश गर्नुपर्ने कागजातहरु;**
1. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति
2. फर्म दर्ता भएमा प्रमाणपत्रको प्रतिलिपि १ प्रति
3. सम्बन्धित वडाको सिफारिस १ प्रति
4. गाई/भैंसीको बिमा गरेको प्रमाणपत्र प्रतिलिपि १ प्रति

५. गाई/भैंसी सुत्केरी भत्ता दाबिको लागि पशु स्वास्थ्य प्राबिकिको शिफारिस पत्र १
६. सुत्केरी गाई/भैंसी, बाच्छा, पाडा र पशुधनी देखिने फोटो १ प्रति
७. पशुधनीको बैंक खाता नम्बर

९) **निर्देशिका संसोधन;** यो निर्देशिका नगर कार्यापालिका बैठकबाट संसोधन गर्न सकिनेछ ।







अनुसुची १

**निबेदन**

**कामधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रम निर्देशिका २०८२**

मितिः

श्री नगरप्रमुख ज्यू,
भेरिगंगा नगरपालिका छिन्चु, सुर्खेत

**विषयः कामुधेनु सुत्केरी भत्ता अनुदान रकम उपलब्ध गराईदिने बारे ।**

महोदय,

म भेरीगंगा नगरपालिका वडा नं..... टोल ...........को बासिन्दा हुँ । मैले बिगत देखि नै पशुपालन ब्यबसाय गर्दै आएको र उक्त ब्यबसाय विस्तार गरि आम्दानीमा वृद्धि गर्ने तिब्र इच्छा भएकोले निम्नानुसार कागजात राखी यो निवेदन पेश गर्दछु । मैले नगरपालिकाबाट अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार नै यसै नगरपालिका भित्रै रहि ब्यबसाय गर्नेछु । हाल मेरो गाई . . . . वटा र भैंसी . . . . वटा ब्याएर सुत्केरी भएकोले त्यस नगरपालिकाबाट उपलब्ध हुने कामुधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रम अन्तर्गतको अनुदान रकम उपलब्ध गराइदिन हुन बिनम्र अनुरोध गर्दछु ।

**संलग्न कागजातहरुः**

१. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति
२. फर्म दर्ता भएमा प्रमाणपत्रको प्रतिलिपि १ प्रति
३. सम्बन्धित वडाको सिफारिस १ प्रति
४. गाई/भैंसीको बिमा गरेको प्रमाणपत्र प्रतिलिपि १ प्रति
५. गाई/भैंसी सुत्केरी भत्ता दाबिको लागि पशु स्वास्थ्य प्राबिकिको शिफारिस पत्र १
६. सुत्केरी गाई/भैंसी, बाच्छा, पाडा र पशुधनी देखिने फोटो १ प्रति
७. पशुधनीको बैंक खाता नम्बर

निबेदकः
पशुधनीको नामः
ठेगानाः
पशुको नाम, उमेर र रङ्गः
हस्ताक्षरः

अनुसूची २

## कामधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रम निर्देशिका २०८२

## सम्झौतापत्र

भेरीगंगा नगरपालिकाद्वारा पशुपन्छी विकास शाखा मार्फत संचालन गरिने चालु आ.व. ...............को स्वीकृत कार्यक्रम संचालन गर्नका लागि नगरपालिका पशुपन्छि विकास शाखा (यसपछि पहिलो पक्ष भनिने) र स्थानीय कृषि व्यबसाय प्रबर्द्धन समितिबाट छनौट भएका पशुधनी कृषक भेरीगंगा नगरपालिका वडा नं..... टोल ..........बस्ने श्री/सुश्री/श्रीमती .................................. (यसपछि दोश्रो पक्ष भनिने) बिच तपसिलका शर्तनामाहरु मन्जुर गरी गराई गाई/भैंसीको सुत्केरी भत्ता भुक्तानी प्रयोजनका लागियो सम्झौता/सहमति गरिएको छ ।

**शर्तनामाहरु:**

१. पहिलो पक्षले दोश्रो पक्षलाई निर्देशिकाअनुसार सम्वन्धित कृषकको खातामा त्रैमासिक रुपमा गाई/भैंसी सुत्केरी भएको ९ महिनाको अनुदान रकम उपलव्ध गराउने छ ।
२. दोश्रो पक्षले आफ्ना दुहुना गाई/भैंसीको नाम, रङ्ग, उमेर, पाडा, बाच्छा र सुत्केरी भएको मितिको लिखित अभिलेख राख्नेछ ।
३. पहिलो पक्षले नियमित रुपमा दुहुना गाई, भैंसीको अनुगमन गरी अभिलेख अध्यावधिक गर्नुपर्नेछ ।
४. दोस्रो पक्षले पशुको गोठ सुधार र पशुको बिमा अनिबार्य गर्नुपर्ने छ ।
५. पशुधनीले दुहुना गाई, भैंसी बिक्री गरेमा वा पशु मरेमा यो सम्झौता रद्द हुनेछ ।
६. यस सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् आफै हुनेछ ।







७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानूनबमोजिम हुनेछ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाटः | पहिलो पक्षको तर्फबाटः |
| पशुधनीको नामः | नामः |
| ठेगानाः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |
| रोहबरः | |

आज्ञाले,
**मानबहादुर ठाडा**
प्रमुख प्रशासकीय अधिकृत